श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी देहायका अधिकारीहरूलाई मिति २०३६।६।२५ देखि देहायबमोजिम कायम मुकायम मुकरर गरिएको छ :–

(१) जिल्ला कार्यालय, काठमाडौंको रिक्त प्रमुख जिल्ला अधिकारी पदमा काठमाडौं जिल्लाका पञ्चायत तथा विकास अधिकारी श्री भक्तबहादुर कोइराला,

(२) जिल्ला कार्यालय, कास्कीको रिक्त प्रमुख जिल्ला अधिकारी पदमा स्थानीय विकास विभाग विराटनगरको क्षेत्रीय निर्देशक श्री गोवर्द्धनबहादुर कार्की र

(३) जिल्ला कार्यालय, सुर्खेतको रिक्त प्रमुख जिल्ला अधिकारी पदमा कास्की जिल्लाका पञ्चायत तथा विकास अधिकारी श्री सूर्यनाथ सुवेदी ।

आज्ञाले–

रामचरण प्रधानाङ्ग

श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, सुनसरीका का. मु. प्र. जि. अ. श्री ईश्वरप्रसाद श्रेष्ठ बिदामा बस्नु भएकोले अर्को व्यवस्था नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला कार्यालय, मोरङ्का प्रशासकीय अधिकृत श्री मदनप्रसाद श्रेष्ठलाई मिति २०३६।६।२२ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले–

रामचरण प्रधानाङ्ग

श्री ५ को सरकारको उप-सचिव

826

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।